# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार १ गते २०५५ साल (अतिरिक्ताङ्क २० (ख)

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५**

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१ को दफा ३ मा संशोधनः अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः–

"(ज) प्रतिनिधि, काठमाडौं महानगरपालिका– सदस्य"

३. रुपान्तरः मूल आदेशको ठाउँ ठाउँमा प्रयोग भएका "अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र" भन्ने शब्दहरूको सट्टा "वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार,काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।